दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिमको कार्यपालिका बैठकको कार्यसूची बुझेको भरपाई

बैठक संख्याः ३/२०८२/०८३ मितिः २०८२/०६/०५.

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ समयः दिनको १.३० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | दहत्तर बहत्तर अन्तर्गतको राजश्व रकम फिर्ता सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | करार सेवाका कर्मचारीहरूको पोशाक र चाडपर्व खर्च सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | आगजनिबाट क्षतिग्रस्त कार्यालयहरूलाई सामाग्री सहयोग सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | आर्थिक सहायता सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | उपदान रकम भुक्तानी सम्बन्धमा। | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६ | विविध। | श्री शम्भु गिरी | निर्णयार्थ | |

प्रस्ताव बुझेको भरपाई

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| २. | श्री रमेश भण्डारी | वडाध्यक्ष | [signature] |
| ३. | श्री डम्बर खत्री | वडाध्यक्ष | [signature] |
| ४. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | [signature] |
| ५. | श्री कमल थारू | वडाध्यक्ष | |
| ६. | श्री निरज बस्नेत | वडाध्यक्ष | [signature] |
| ७. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| ८. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ९. | श्री मिना चौधरी | कार्यपालिकासदस्य | [signature] |
| १०. | श्री दुर्पति थरूनी | कार्यपालिकासदस्य | [signature] |
| ११. | श्री टंकी भण्डारी | कार्यपालिकासदस्य | [signature] |
| १२. | श्री चन्दा योगी | कार्यपालिकासदस्य | [signature] |
| १३. | श्री कृष्ण कामी | कार्यपालिकासदस्य | |
| १४. | श्री सितारा नेपाली | कार्यपालिकासदस्य | [signature] |

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिम कार्यपालिका बैठकको

कार्यसूची

बैठक संख्याः ३/२०८२/०८३ मितिः २०८२/०६/०८

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ समयः दिनको १.३० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | विशेष प्रस्तावः शोक प्रस्ताव सम्बन्धमा । | | | |
| २ | दहत्तर बहत्तर अन्तर्गतको राजश्व रकम फिर्ता सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | करार सेवाका कर्मचारीहरूको पोशाक र चाडपर्व खर्च सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | आगजनिबाट क्षतिग्रस्त कार्यालयहरूलाई सामाग्री सहयोग सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | आर्थिक सहायता सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६ | उपदान रकम भुक्तानी सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ७ | विविध ।<br>(क) दोश्रो दंगीशरण कृषि, पर्यटन तथा सांस्कृतिक महोत्सव २०८२ को अवधि हेरफेर सम्बन्धमा ।<br>(ख)श्रीगाउँ सामुदायिक वन उपभोक्ता समुहलाई ग्राभेल उठाउनका लागि अनुमति दिने सम्बन्धमा ।<br>(ग) बुर्केसाल-फुर्केसल्ली सडक मर्मतको लागि रकम सुनिश्चित गर्ने सम्बन्धमा ।<br>(घ) झोलूङ्गे पुल खोलेर व्यवस्थापन खर्चको रकम भुक्तानी सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |

प्रस्ताव प्रमाणित गर्नेको नामः शम्भु गिरी

पदः अध्यक्ष

दस्तखतः

शम्भु गिरी
अध्यक्ष

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

बैठक नं. ३/२०८२/०८३

**बैठक बसेको मिति:** २०८२/०६/०८

**बैठक बसेको स्थान:** दंगीशरण गाउँपालिकाको सभा हल

आज मिति २०८२/०६/०८ गतेका दिन दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सदस्यहरूको उपस्थितिमा दंगीशरण गाउँ कार्यपालिकाको बैठक बसी सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री शम्भु गिरी | अध्यक्ष | |
| २. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| ३. | श्री कर्ण बहादुर नेपाली | सचिव | |
| ४. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ५. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ६. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ७. | श्री कमल थारू | वडाध्यक्ष | |
| ८. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ९. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| १०. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ११. | श्री मिना चौधरी | कार्यपालिका सदस्य | |
| १२. | श्री दुर्पति थरूनी | कार्यपालिका सदस्य | |
| १३. | श्री टंकी भण्डारी | कार्यपालिका सदस्य | |
| १४. | श्री चन्दा योगी | कार्यपालिका सदस्य | |
| १५. | श्री कृष्ण कामी | कार्यपालिका सदस्य | |
| १६. | श्री सितारा नेपाली | कार्यपालिका सदस्य | |

## मिति २०८२ साल आश्विन ०८ गते बसेको कार्यपालिका बैठकका निर्णयहरू

**विशेष प्रस्ताव:**
शोक प्रस्ताव सम्बन्धमा।

**निर्णय:** जेन-जेड पुस्ताको आन्दोलनको क्रममा २०८२ साल भाद्र २३ र २४ गते शहादत प्राप्त गर्नेहरूको आत्माको चीर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्ने, परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने, घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने एवं आन्दोलनको क्रम विभिन्न सरकारी, सार्वजनिक र व्यक्तिगत सम्पत्तिमा भएको तोडफोड तथा आगजनिका घटनाहरूप्रति दुःख व्यक्त गर्ने।

**प्रस्ताव नं. १**
दहत्तर बहत्तर अन्तर्गतको राजश्व रकम फिर्ता सम्बन्धमा।

**प्रस्तावको संक्षिप्त व्यहोरा:** आ.व. २०८१/०८२ को ठेक्का नं. DRM/SQ/2081/082-06 को दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्रको सिम्ठाना बबईघाटबाट नदीजन्य पदार्थ उत्खननको लागि ठेक्का सम्झौता भएकोमा स्थानीय अवरोधका कारण उत्खनन् हुन नसकेकोले सम्मानित उच्च अदालत तुलसीपुरको आदेश बमोजिम यस गाउँपालिकाको विभाज्य कोष खातामा जम्मा हुन आएको राजश्व, कर तथा धरौटी बापत जम्मा भएको रकम फिर्ता दिनु पर्ने भएकोले।

**हुनु पर्ने निर्णय:** आ.व. २०८१/०८२ को ठेक्का नं. DRM/SQ/2081/082-06 को दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्रको सिम्ठाना बबईघाटबाट नदीजन्य पदार्थ उत्खननको लागि ठेक्का सम्झौता भएकोमा स्थानीय अवरोधका कारण उत्खनन् हुन नसकेको हुँदा सम्मानित उच्च अदालत तुलसीपुरको मिति २०८२/०५/१५ प.सं. ०८२/८३ च.नं. ०८२-१२-०००६८२ को प्राप्त पत्र बमोजिम यस गाउँपालिकाको विभाज्य कोष खातामा जम्मा हुन आएको राजश्व, कर तथा धरौटी बापत जम्मा भएको रकम फिर्ता दिने भन्ने आदेश बमोजिम उक्त रकम समृद्धि कन्स्ट्रक्सन प्रा.लि. तुलसीपुर-११, दाङलाई फिर्ता दिनुपर्ने भएको र सो रकम फिर्ताको लागि आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रममा उक्त शिर्षकमा बजेटको व्यवस्था नभएकोले आगामी गाउँ सभाको हिँउदे अधिवेशनबाट अनुमोदन हुने गरी चालु आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रममा दहत्तर बहत्तर बिक्री बापत जम्मा भएको राजश्व तथा कर रकम फिर्ता शिर्षकमा रू. १२,६०,०००/- (बाह्र लाख साठी हजार) को व्यवस्था गरी सोहि शिर्षकबाट राजश्व तथा कर बापतको रकम र यस गाउँपालिकाको धरौटी खातामा जम्मा भएको धरौटी बापतको रकम फिर्ता दिने।

**निर्णय:** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने।

**प्रस्ताव नं. २**
करार सेवाका कर्मचारीहरूको पोशाक र चाडपर्व खर्च सम्बन्धमा।

गाउँ कार्यपालिकाको
बैठक संख्या: ८।२०८२।०८३
मिति २०८२।०६।०८ को
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावको संक्षिप्त व्यहोरा**: दंगीशरण गाउँपालिकाको कार्यालय तथा अन्तर्गत वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत करार सेवाका चाडपर्व खर्च प्राप्त गर्नको लागि सेवा अवधि पुगेका कर्मचारीहरूलाई चाडपर्व तथा पोशाक खर्च उपलब्ध गराउनु पर्ने भएकोले ।

**हुनु पर्ने निर्णय**: दंगीशरण गाउँपालिकाको कार्यालय तथा अन्तर्गत वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत करार सेवाका, चाडपर्व खर्च प्राप्त गर्नको लागि सेवा अवधि पुगेका कर्मचारीहरूलाई चाडपर्व तथा पोशाक खर्च उपलब्ध गराउँदै आएकोले चालु आ.व.मा पनि खाइपाई आएको मासिक पारिश्रमिकबापत हुने एक महिनाको रकम चाडपर्व खर्च र पोशाक खर्च बापत स्थायी कर्मचारीले पाए सरह रकम भुक्तानी गर्ने गरी निरन्तरता दिने र आगामी गाउँ सभाको हिंउदे अधिवेशनबाट अनुमोदन गराउने ।

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**प्रस्ताव नं. ३**

आगजनिबाट क्षतिग्रस्त कार्यालयहरूलाई सामाग्री सहयोग सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: गत २०८२ साल भाद्र २३ र २४ को जेन-जेड पुस्ताको आन्दोलनका क्रममा भएको आगजनिबाट तुलसीपुरमा रहेका सरकारी कार्यालयहरू पूर्णरूपमा क्षतिग्रस्त भई अत्यावश्यक सेवा अवरूद्ध भएकोले क्षति पुगेका कार्यालयहरूबाट सामग्री सहयोग माग भई आएकोले ।

**हुनु पर्ने निर्णय**: गत २०८२ साल भाद्र २३ र २४ को जेन-जेड पुस्ताको आन्दोलनका क्रममा भएको आगजनिबाट तुलसीपुरमा रहेका सरकारी कार्यालयहरू पूर्णरूपमा क्षतिग्रस्त भई अत्यावश्यक सेवा अवरूद्ध भएकोले क्षति पुगेका तपसिलमा उल्लिखित कार्यालयहरूबाट सामग्री सहयोग माग भई आएको हुँदा अत्यावश्य सेवा सुचारू गर्न आवश्यक देखिएकोले माग बमोजिमको सामाग्री उपलब्ध गराउने ।

**तपसिल**

१. श्री जिल्ला समन्वय समिति, दाङ
    (क)डेस्कटप कम्प्युटर थान -१
    (ख)प्रिन्टर थान -१
२. श्री इलाका प्रशासन कार्यालय, तुलसीपुर, दाङ
    (क) डेस्कटप कम्प्युटर थान -१
    (ख) प्रिन्टर थान -१
    (ग) अफिस टेबुल थान -१
    (घ) स्क्यानर थान -१
    (ङ) रिभल्भिङ्ग चेयर थान -१
    (च) दराज थान -१
३. श्री मालपोत कार्यालय, तुलसीपुर, दाङ

गाउँ कार्यपालिकाको
बैठक संख्या: ३/२०८२/०८३
मिति २०८२/०८/०९ को
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

(क) डेस्कटप कम्प्युटर थान -१
(ख) प्रिन्टर थान -१
(ग) अफिस कुर्सी थान -३
(घ) अफिस दराज थान -१
(ङ) अफिस टेबुल थान -३

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ४**
आर्थिक सहायता सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरूबाट सिफारिस भई आएका तथा गाउँ कार्यपालिकाको कार्यालयमा आर्थिक सहायताका लागि सोझै माग भइआएका व्यक्ति तथा संघसंस्थाहरूलाई माग र औचित्यका आधारमा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** विभिन्न कारण खुलाई दंगीशरण गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरूबाट सिफारिस भई आएका तथा गाउँ कार्यपालिकाको कार्यालयमा सोझै निवेदन दिई आर्थिक सहायता माग गरेका तपसिलमा उल्लेखित व्यक्ति तथा संघसंस्थाहरूलाई कारण र औचित्यका आधारमा दंगीशरण गाउँपालिकाको आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि २०७५ अनुसार आर्थिक सहायता उपलब्ध गराउने ।

तपसिल

| क्र.सं. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | सहायता रकम | कारण | भुक्तानीको अवस्था |
|---|---|---|---|---|---|
| १ | श्री सोमराज सुनार | दंगीशरण-७, दाङ | १०,०००/- | पारालाइसिस भएको | नभएको |
| २ | श्री नेत्र के.सी. | दंगीशरण-३, दाङ | ५,०००/- | सल्यक्रिया गर्नुपर्ने | नभएको |
| ३ | श्री निर्मल बि.क. | दंगीशरण-४, दाङ | ५,०००/- | रूखबाट लडेको | नभएको |
| ४ | श्री इलाका प्रहरी कार्यालय हेकुली, दाङ | दंगीशरण-४, दाङ | ८,०००/- | मौलो पुजा खर्च | नभएको |
| ५ | श्री प्रहरी चौकी, बागर | दंगीशरण-६, दाङ | ६,०००/- | मौलो पुजा खर्च | नभएको |
| ६ | श्री प्रहरी चौकी, गोल्टाकुरी | दंगीशरण-२, दाङ | ६,०००/- | मौलो पुजा खर्च | नभएको |
| ७ | श्री प्रहरी चौकी, बालापुर | तुलसीपुर-२, दाङ | ६,०००/- | मौलो पुजा खर्च | नभएको |

**निर्णयः** भुक्तानी भइसकेकाहरूको भुक्तानी समर्थन गरि भुक्तानी हुन बाँकीहरूलाई भुक्तानी दिने ।

**प्रस्ताव नं. ५**
उपदान रकम भुक्तानी सम्बन्धमा ।

गाउँ कार्यपालिकाको
बैठक संख्याः ३/२०८२/८३
मितिः २०८२/०६/१८
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावको संक्षिप्त व्यहोरा**: साविक श्रीगाउँ विकास समितिको स्थायी मुखिया पदमा नियुक्त भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस गाउँपालिकामा प्रशासन समूहको सहायक चौथो तहमा समायोजन भएका श्री देवबहादुर डाँगी अनिवार्य अवकाश हुनु भएकोले उपदान, सञ्चित बिदाको रकम तथा उपचार खर्च बापतको रकम भुक्तानी दिनुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णय**: साविक श्रीगाउँ विकास समितिको स्थायी मुखिया पदमा नियुक्त भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस गाउँपालिकामा प्रशासन समूहको सहायक चौथो तहमा समायोजन भएका श्री देवबहादुर डाँगी २०८२ साल असाढ १७ गतेदेखि अनिवार्य अवकाश हुनु भएकोले स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम निजले प्राप्त गर्ने उपदान बापतको रकम, सञ्चित घर तथा बिरामी बिदाको रकम र औषधी उपचार खर्च बापतको रकम यस गाउँपालिकाको कर्मचारी कल्याणकारी कोषमा सञ्चित रकमबाट व्ययभार हुने गरी भुक्तानी दिने ।

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**प्रस्ताव नं. ६**
विविध ।

(क) दोश्रो दंगीशरण कृषि, पर्यटन तथा सांस्कृतिक महोत्सव २०८२ को अवधि हेरफेर सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: दोश्रो दंगीशरण कृषि, पर्यटन तथा सांस्कृतिक महोत्सव २०८२ सञ्चालनका लागि यस पूर्व दिइएको अनुमतिको अवधि हेरफेर गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णय**: दोश्रो दंगीशरण कृषि, पर्यटन तथा सांस्कृतिक महोत्सव २०८२ सञ्चालनका लागि यस पूर्व २०८२ साल आश्विन २ गतेदखि १३ गतेसम्म सञ्चालन हुने गरी अनुमति प्रदान गरिएकोमा देशमा उत्पन्न परिस्थितिका कारण शान्ति सुरक्षा लगायतकाले सञ्चालन हुन नसकेकोले उक्त महोत्सव आगामी आश्विन ९ गतेदेखि २५ गतेसम्म सञ्चालन हुने गरी अनुमति प्रदान गर्ने ।

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

(ख) श्रीगाउँ सामुदायिक वन उपभोक्ता समुहलाई ग्राभेल उठाउनका लागि अनुमति दिने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेको एवं प्रारम्भिक वातावरणीय परीक्षण गरिएको घाटबाट श्रीगाउँ सामुदायिक वन उपभोक्ता समूहलाई नियमानुसार लाग्ने राजश्व लिई ग्राभेल उठाउन अनुमति प्रदान गर्नुपर्ने भएकोले ।

गाउँ कार्यपालिकाको
बैठक संख्या: ३/२०८२/०८३
मिति: २०८२/०६/०५ को
निर्णय प्रमाणित ।



कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**हुनु पर्ने निर्णय**: श्रीगाउँ सामुदायिक वन उपभोक्ता समूहको माग बमोजिम यस गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेको एवं प्रारम्भिक वातावरणीय परीक्षण भएको स्थान चिराघाट खोलाबाट नियमानुसार लाग्ने राजश्व लिई इष्टिमेट अनुसारको परिमाणमा ग्राभेल उठाउनका लागि अनुमति प्रदान गर्ने ।

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

(ग) बुर्केसाल-फुर्केसल्ली सडक मर्मतको लागि रकम सुनिश्चित गर्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: वर्षातको समयमा क्षतिग्रस्त भएको बुर्केसाल-फुर्केसल्ली सडक मर्मत गरी सञ्चालनका रकमको सुनिश्चितता गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णय**: गएको वर्षातको समयमा बर्षाको कारणले क्षतिग्रस्त भएको बुर्केसाल-फुर्केसल्ली सडक मर्मतका लागि प्राविधिक इष्टिमेटका आधारमा मर्मत सम्भार गरी सडक सञ्चालना ल्याउनका लागि मर्मत सम्भार कोषबाट खर्च लेख्ने गरी २,५०,०००/- (दुई लाख पचास हजार) रकम सुनिश्चित गर्ने ।

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

(घ) झोलूङ्गे पुल खोलेर व्यवस्थापन खर्चको रकम भुक्तानी सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा**: गत आ.व. २०८१/०८२ को वर्षातको समयमा बाढीका कारण क्षतिग्रस्त भएको बैवाङ रामपुर झोलुङ्गे पुल खोलेर सामान व्यवस्थापनको ज्याला भुक्तानी गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णय**: गत आ.व. २०८१/०८२ को वर्षातको समयमा बाढीका कारण ढलेर क्षतिग्रस्त भएको बैवाङ रामपुर झोलुङ्गे पुल सस्पेन्सन बृज डिभिजन कार्यालय ललितपुरको सहमति बमोजिम खोलेर सामान व्यवस्थापन गर्दा खर्च भएको ज्याला बापतको रकम मर्मत सम्भार खर्च शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय**: माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

गाउँ कार्यपालिकाको
बैठक संख्या: ३। २०८२।०८३
मिति २०८२।०६।१५ को
निर्णय प्रमाणित।

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत